कार्यपालिकाबाट स्वीकृत मिति २०७७/०५/१९

प्रमाणिकरण मिति २०७७/०५/२१

# स्थानीय स्वास्थ्य सेवा ऐन

# २०७७

## परोहा नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

### लौकाहा, रौतहट

मधेश प्रदेश, नेपाल

CS CamScanner

# परोहा नगरपालिकाकोस्वास्थ्य सेवा ऐन, २०७७

## प्रस्तावना:

परोहा नगरपालिकामा रहेका स्थानीय वासिन्दाहरुको आधारभूत स्वास्थ्य र सरसफाइ सेवा प्रदान गर्ने कार्यमा नगरपालिकाको जिम्मेवारी प्रमुख रही आएको र सोको व्यवस्थापनमा स्पष्ट कानुनी व्यवस्था गरी कार्यसम्पादन गर्न वाञ्छनीय भएकाले, "नेपालको संविधानको धारा २२१ अनुसार सोही संविधानको अनुसूची ८ को सूची नं. ९ को अधिकारहरुलाई कार्यान्वयन गर्न" तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४" को दफा (१०२) बमोजिम परोहा नगरपालिकाको नगरसभाले यो ऐन तर्जुमा गरेको छ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस ऐनलाई परोहा नगरपालिकाको स्वास्थ्य सेवा ऐन, २०७७ भनिनेछ।

(ख) यो ऐन तुरुन्त लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस ऐनमाः

(क) "ऐन" भन्नाले परोहा नगरपालिकाको स्वास्थ्य सेवा ऐन, २०७७ लाई सम्झनु पर्छ।

(ख) "सङ्घीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी सङ्घीय संसदले बनाएको ऐनलाई सम्झनु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले परोहा नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्छ।

(घ) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(ङ) "सहकारी" भन्नाले सहकारी अवधारणा अनुरुप सञ्चालित स्वास्थ्य सेवा प्रदायकलाई सम्झनु पर्दछ।

(च) "निजी" भन्नाले सेवाकौ साथसाथैनाफाको समेत उद्देश्य राखी सञ्चालित स्वास्थ्य संस्था सम्झनु पर्दछ।

(छ) "ट्रष्ट वा लोककल्याणकारी" भन्नाले ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत सञ्चालन हुने स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।

(ज) "व्यवस्थापन समिति" भन्नाले दफा ६ अन्तर्गत वनेका स्वास्थ्य संस्थाहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

(झ) "अनुगमन समिति" भन्नाले दफा ५ अनुसार नगरपालिकामा गठित स्वास्थ्य सेवा अनुगमन समितिलाई सम्झनु पर्दछ।

(ञ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट सञ्चालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकी, सहरी स्वास्थ्य केन्द्र, नगरपालिकाबाट स्वीकृति प्राप्त सहकारी, निजी, ट्रष्ट समेतबाट सञ्चालित स्वास्थ्य संस्थालाई सम्झनु पर्दछ।



CamScanner

परिच्छेदः २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था-

३. आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु : स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ४ प्रकारका हुनेछन्:

(क) सरकारी वा सामुदायिक- सरकारी तथा सामुदायिक स्वामित्वमा सञ्चालन भएका अस्पताल प्राथमिक स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य क्लिनिक, स्वास्थ्य प्रवर्द्धन केन्द्र, स्वास्थ्य चौकी, प्राकृतिक चिकित्सा केन्द्र, व्यायाम केन्द्र, आयूर्वेद केन्द्रहरु, सामुदायिक स्वास्थ्य एकाइ, सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ख) निजी क्षेत्रद्वारा सञ्चालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु व्यायाम केन्द्र, प्राकृतिक चिकित्सा केन्द्र निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन् ।

(ग) ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधीनस्थ ट्रष्ट वा लोककल्याणकारी संस्थाहरु मार्फत सञ्चालन हुने अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु, व्यायाम केन्द्र, प्राकृतिक चिकित्सा केन्द्र, स्वास्थ्य केन्द्र, स्वास्थ्य क्लिनिक यस अन्तर्गत पर्दछन् ।

(घ) सहकारिताको अवधारणामा सञ्चालित स्वास्थ्य सेवा प्रदायक संस्थाहरु यस अन्तर्गत पर्दछन् ।

४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड :- स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड सङ्घीय सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

५. स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको गठन, काम, कर्तव्य र अधिकार

(१) नगरपालिकाभित्र रहेका स्वास्थ्य संस्थाहरुको रेखदेख र अनुगमन गर्न स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको गठन गरिनेछ । यस समितिको गठन यस प्रकार हुनेछ:

(क) स्वास्थ्य क्षेत्र हेर्ने कार्यपालिका सदस्य - संयोजक

(ख) नगरसभा सदस्यहरु मध्येबाट १ जना महिलासहितनगर कार्यपालिकाले मनोनित गरेको दुई जना - सदस्य

(ग) स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा कार्य गरिरहेका विज्ञहरु मध्येबाट प्रत्येक दुई वर्षमा कार्यपालिकाले तोकेको १ जना - सदस्य

(घ) आमा समूह र स्वास्थ्य स्वयंसेविका सञ्जाल मध्येबाट कार्यपालिकाले तोकेको १ जना - सदस्य

(ङ) स्वास्थ्य संस्था व्यवस्थापन समितिका अध्यक्ष मध्ये कार्यपालिकाले तोकेको १ जना - सदस्य

(च) स्वास्थ्य तथा सरसफाइ शाखा हर्ने प्रमुख - सदस्य सचिव

(२) स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछ ।



CamScanner

(क) आफ्नोकार्यक्षेत्रभित्रका स्वास्थ्य योजना तथा नीति निर्माण गर्ने ।

(ख) नगरपालिका क्षेत्रभित्र स्वास्थ्य संस्था सञ्चालनका लागि अनुमति, स्वीकृति सम्बन्धी नगरपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) स्वास्थ्य संस्था व्यवस्थापन समितिलाई स्वास्थ्य तथा सरसफाइ कार्यक्रमहरु नियमित र प्रभावकारी वनाउनका लागि आवश्क निर्देशन दिने, जागरुक र सजग बनाउने ।

(घ) स्वास्थ्य संस्थाहरुका लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने गराउने ।

(ङ) स्वास्थ्य संस्थाहरुको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(च) स्वास्थ्य विशेषज्ञहरु र स्वास्थ्य सेवा प्रदायकहरुको सूची अद्यावधिक तथा प्रकाशन गर्ने ।

(छ) स्वास्थ्य सेवाको पहु“चभन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(ज) नगरकार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(झ) गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितता गर्ने ।

(ञ) तोकिएबमोजिमका अन्य कार्यहरु गर्ने ।

## ६. स्वास्थ्य संस्था व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकार-

(१) नगरपालिका क्षेत्रभित्र रहेका सरकारी अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य एकाइ तथा स्वास्थ्य केन्द्र व्यवस्थापनका लागि देहाय बमोजिम सदस्य रहने गरी हरेक संस्थाको छुट्टा छुट्टै व्यवस्थापन समिति गठन गरिनेछ ।

(क) नगर प्रमुख -संरक्षक

(ख) सम्वन्धित वडाध्यक्ष वा वडाध्यक्षले तोकेको वडा सदस्य- संयोजक

(ग) स्वास्थ्य क्षेत्रमा क्रियाशील मध्ये वडा समितिबाट मनोनित महिला १ जना सहित २ जना- सदस्य

(घ) सम्वन्धित वडाको स्वास्थ्य संस्था नजिकको उच्चतम विद्यालयको प्रधानाध्यापक- सदस्य

(ङ) सम्वन्धित वडाको व्यापार सङ्घको प्रतिनिधि वा व्यापारीहरु मध्येवाट एक जना- सदस्य

(च) सम्वन्धित वडाको महिला स्वास्थ्य स्वयंसेविका मध्येवाट एक जना- सदस्य

(छ) सम्वन्धित स्वास्थ्य संस्थाको प्रमुख- सदस्य सचिव

(२) स्वास्थ्य संस्था व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार हुनेछन :

(क) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्वन्धित वडा समिति मार्फत नगरपालिकामा पेस गर्ने ।



CamScanner

(ख) व्यवस्थापन समितिको नियमित बैठक गर्ने, स्वास्थ्य संस्थामा परेका समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

(ग) वार्षिक समिक्षा, सामाजिक परीक्षण जस्ता मूल्याङ्कनका कार्यक्रम सञ्चालन गर्ने ।

(घ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको नियमितता र प्रभावकारी परिचालनका लागि आवश्यक कार्य गर्ने ।

(ङ) स्वास्थ्य सम्बन्धी घुम्ती शिविरहरु तथा स्वास्थ्यका विशेष कार्यक्रमहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय तथा व्यवस्थापन गर्ने ।

(च) स्वास्थ्य संस्थालाई चाहिने आवश्यक औषधि तथा उपकरणको व्यवस्थाका लागि आवश्यक पहल गर्ने ।

(छ) केन्द्र, प्रदेश र स्थानीय सरकारले चलाएका स्वास्थ्य सम्बन्धी कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक पहल गर्ने ।

(ज) स्वास्थ्य संस्थाको वार्षिक कार्य विवरणका आधारमाआफ्नो क्षेत्रमा भएका जनस्वास्थ्य अवस्थाका बारेमा अनुसन्धानात्मक समीक्षा प्रकाशन गर्ने ।

७. बैंक खाता सञ्चालन:

(१) हरेक स्वास्थ्य संस्थाले एउटा बैंक खाता खोल्न सक्नेछ  र त्यस्तो खाता स्वास्थ्य संस्थाको नाममा हुनेछ ।

(२) स्वास्थ्य संस्थाको बैंक खाता व्यवस्थापन समितिको अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

सदस्य सचिव स्थायी कर्मचारी नभएमा सकेसम्म सोहि स्वास्थ्य संस्थाको वरिष्ठतम स्थायी कर्मचारी वा नजिकको स्वास्थ्य संस्थाको स्थायी कर्मचारी वा नगरपालिकाको स्वास्थ्य शाखाको कर्मचारीको दस्तखतमा खाता सञ्चालन गरिनेछ ।

(३) उपदफा (२) बमोजिमको लेखा व्यवस्थापन र लेखा परीक्षण नगरपालिकाले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद: ३

## स्वास्थ्य संस्था स्थापना र सञ्चालन सम्वन्धी मापदण्ड

८. अस्पताल तथा स्वास्थ्य संस्था सञ्चालन मापदण्ड

(१) अस्पताल : नगरपालिका आफैले तोकिएको मापदण्डमा १५ शैयासम्म क्षमताको अस्पताल सञ्चालन गर्न सक्नेछ । यस्तो अस्पताल सञ्चालन गर्न नगरपालिकाले अस्पताल सञ्चालन नियमावली तर्जुमा गरी सञ्चालन गर्नेछ ।

(२) प्राथमिक स्वास्थ्य केन्द्र : नगरपालिकाले प्रत्येक वडामा देहायका पूर्वाधार पुरा गरी स्वास्थ्य केन्द्र सञ्चालन गर्नेछ।

(क) जनशक्ति: :चिकित्सक मे.अ. २, स्वास्थ्य सहायक (हेल्थ असिस्टेण्ट) २ जना, सिनियर अहेव, अहेव २ जना, अनमी २ जना, ल्याब टेक्निसियन, रेडियोग्राफर  स्टाफ नर्स तथा  का.स.स्विपर आवश्यकता अनुसार सहायक कर्मचारीहरु ।

(ख) भवन कोठाः प्रशासन कक्ष, औषधी भण्डारण कक्ष, औषधी वितरण कक्ष, प्राथमिक उपचार कक्ष, प्रसूति कक्ष, पुर्व प्रसूति तथा प्रसूति पश्चातको प्रतीक्षालय कक्ष, परामर्श कक्ष, विरामी जा“च कक्ष जस्ता सुविधासहितको भवन

(ग) उपकरणः कम्तीमा प्राथमिक उपचारका आधारभूत उपकरणहरु र बर्थिङ सेन्टर सञ्चालन गर्न आवश्यक पर्ने इपिसेट, डेलिभरी सेट, डेलिभरी बेड, अटोक्लेभ लगायतएक्स रे मेशिन ई.सि.जी.मेशिन अल्ट्रा साउण्ड मेशिन समेत अन्य आवश्यक सामाग्रीहरु ।

(३) नगरपालिका क्षेत्रभित्र जडिबुटी, प्राकृतिक चिकित्सा, योगा ध्यान लगायतका रोकथाममूलक र वैकल्पिक चिकित्सा सेवाको प्रवर्द्धनका लागि समुदाय वा ट्रष्टहरुस“गको साभ्केदारीमा वा नगरपालिका आफैंले आयुर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्रको सञ्चालन स्थापना गर्न सक्नेछ ।।

९. निजी क्षेत्रले अस्पताल सञ्चालन गर्न सक्ने ।

(१) नगरपालिका क्षेत्रभित्र निजी क्षेत्र तथा ट्रष्ट वा लोककल्याणकारी संस्थाद्वारा अस्पताल सञ्चालन गर्न चाहेमा १५ शैयासम्मको सञ्चालन अनुमति नगरपालिकाले दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्पताल सञ्चालन गर्न चाहने निकायले अनुमतिको लागि तोकिएको ढा“चामा नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(३) स्वास्थ्य सेवा अनुगमन समितिले प्राप्त निवेदन उपर छलफल तथा आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पूरा गरेमा अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सक्ने गरी आशय पत्र प्रदान गर्न नगरपालिकालाई सिफारिस गर्नेछ ।

(४) उपदफा (३) को आधारमा नगर कार्यपालिकाले ३ महिनाभित्र तोकिएको मापदण्ड पूरा गरेमा यस्तो अस्पताल सञ्चालनको स्वीकृति प्रदान गर्न सकिने प्रकारको आशयपत्र प्रदान गर्नेछ ।

(५) तोकिएको समयसीमाभित्र यसै ऐन बमोजिम तोकिएको पूर्वाधार तयार गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन उपर आवश्यक अनुगमन गरी तोकिएको मापदण्ड पूरा गरेको ठहर भएमा अस्पताल सञ्चालनको अनुमति प्रदान सक्नेछ ।

१०. अस्पताल सञ्चालन गर्न आवश्यक मापदण्डः नगरपालिकाको स्वीकृतिमा सञ्चालन हुने १५ शैयासम्मको अस्पतालहरुले देहाय अनुसारको मापदण्ड पूरा गर्नुपर्नेछ ।

(१) जनशक्तिः कम्तीमा १ जना विशेषज्ञ चिकित्सक, कम्तीमा २ जना एम.वि.वि.एस चिकित्सक, कम्तीमा १ जना मेट्रोनसहित ५ जना नर्सिङ स्टाफ/अनमी, कम्तीमा ४ जना स्वास्थ्य सहायक/अहेव, कम्तीमा २ जना ल्याव टेक्निसियन, रेडियोलोजिष्ट/रेडियो टेक्निसियन १ जना, फिजियो थेरापी टेक्निसियन १ जना र आवश्यक मात्रमा सहायक र सहयोगी स्वास्थ्यकर्मी हुनुपर्नेछ ।

(२) भवन तथा कोठाः दर्ता चलानी, वहिरङ्ग सेवा, इमर्जेन्सी कक्ष, प्रयोगशाला, भर्ना भएका विरामी राख्ने क्याविन, नर्सिङ कक्ष, प्रशासन कक्ष, पार्किङ, आवश्यकता अनुसार ट्वाइलेट वाथरुम, एक्सरे कोठा, परामर्श कक्ष, आइसोलेसन वार्ड लगायतको पूर्वाधार हुनुपर्नेछ ।



CamScanner

(३) उपकरण र पूर्वाधार: सडक नेटवर्कले जोडिएको, एम्बुलेन्स सेवाको उपलब्धता, विरामी राख्ने वेड, लाइफ सपोर्ट सिष्टम, २४ सै घण्टा विद्युत र खानेपानी सेवा, अक्सिजनको व्यवस्था, चिकित्साजन्य फोहर व्यवस्थापनको प्रणाली भएको हुनुपर्नेछ।

११. पोलिक्लिनिक सञ्चालनको अनुमति :

(१) नगरपालिकाले आ१नो कार्यक्षेत्रमा कुनै व्यक्ति वा संस्थाले पोलिक्लिनिक सञ्चालन गर्न चाहेमा तोकिएको मापदण्ड पूरा गरी स्वीकृति लिनु पर्नेछ।

(२) पोलिक्लिनिकमा विरामी जा"च्ने डाक्टरको विवरण, सञ्चालकको विवरण, सञ्चालन हुने स्थान र उपलब्ध हुने सेवाको विवरण खोली नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनका आधारमा तोकिएको मापदण्ड पूरा गरेका निवेदकहरुलाई पोलिक्लिनिक सञ्चालन गर्न नगरपालिकाले स्वीकृति दिन सक्नेछ।

१२. प्रयोगशाला वा ल्याबोरेटोरी सञ्चालन : व्यक्ति वा कुनै संस्थाले प्रयोगशाला वा ल्यावोरेटोरी सञ्चालन गर्न चाहेमा देहाय बमोजिमको विवरण सहित नगरपालिकाबाट स्वीकृति लिनु पर्नेछ।

(१) सञ्चालकको विवरण र नागरिकताको प्रमाणपत्र

(२) प्रयोगशाला वा ल्याबोरेटोरी सञ्चालन गर्ने प्रमाणित स्थान भएको कागजात

(३) रेडियोलोजी वा प्याथोलोजी विषयमा न्यूनतम ३ वर्ष अध्ययन गरेको व्यक्तिको प्रमाणपत्र र काम गर्न इच्छुक भएको पत्र

(४) ल्याबमा उपलब्ध हुने परीक्षणकोबिवरण -

(५) ल्यावमा प्रयोग हुने न्यूनतम उपकरणहरुको विवरण

(६) जैविक सुरक्षाका उपाय तथा प्रयोगशालाबाट निस्काशित हुने फोहोर व्यवस्थापन सम्बन्धी विवरण

१३. फार्मेसी सञ्चालनको अनुमति-

(१) नगरपालिका क्षेत्रभित्र फार्मेसी सञ्चालन गर्न चाहेमा नगरपालिकाबाट अनुमति लिनु पर्नेछ।

(२) आधारभूत फार्मेसी शिक्षा प्राप्तगरी औषधी बिक्री अनुमती पत्र प्राप्त व्यक्ति सञ्चालक रहने गरी फार्मेसी सञ्चालन गर्ने स्थान, बिक्री वितरण गर्ने औषधीका प्रकारहरु र प्राथमिक उपचार सेवाको विवरण आवेदनमा खुलाउनु पर्नेछ।

(३) फार्मेसी सञ्चालनमा रहने मुख्य सञ्चालक र सहायक कर्मचारीहरुको विवरणहरु शैक्षिक प्रमाण पत्र, नागरिकताअनुमती पत्र र हालको बसोबास ठेगाना प्रमाण भएको कागजात र वडा कार्यालयको सिफारिस साथ आवेदन पेस गर्नुपर्नेछ।

(४) प्राप्त विवरणसहितको आवेदन बमोजिम फार्मेसी सञ्चालनको अनुमति दिन सक्नेछ।



CS CamScanner

१४.मापदण्ड पूरा नगरेमा सजाय हुने :

(१) स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी जस्ता स्वास्थ्य सेवा सञ्चालनको स्वीकृति लिंदा तोकिएको मापदण्ड पूरा नभएको तर झुक्याएर विवरण दिएको वा अस्थायी रुपमा मापदण्ड पूरा गरेको पाइएमा स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समितिले अनुगमन गरी सचेत गराउने, जरिवाना गराउने तथा स्वीकृति खारेजीका लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ।

(२) प्रयोगशालामा तालिम प्राप्त ल्याव टेक्निसियन बाहेकका व्यक्तिले रगत, दिशापिसाव, खकार लगायतको परीक्षणमा संलग्न भएको पाइएमा त्यस्तो प्रयोगशाला बन्द गराउन सक्ने, सञ्चालकलाई कालो सूचीमा राखी सोको आम जनतालाई जानकारी दिइनेछ।

(३) फार्मेसीको हकमा दर्तावाला सञ्चालक र सहयोगी बाहेक अरुले औषधी बेचेको पाइएमा सचेत गराउने, जरिवाना तिराउनेदेखि अनुमति खारेज गर्न सकिनेछ।

१५. सहुलियत र छुटको व्यवस्था गर्नुपर्नेः निजी लगानी र ट्रष्ट मार्फत सञ्चालनमा आएका स्वास्थ्य संस्थाहरुले स्वास्थ्य उपचारका क्रममा लाग्ने शुल्क नगरपालिकाको सिफारिसमा कम्तीमा १० प्रतिशत सेवाग्राहीहरुका लागि छुट वा मिनाहा दिनु पर्नेछ।

परिच्छेदः४

स्वास्थ्यकर्मी तथा स्वास्थ्य स्वयम्सेवा सम्वन्धी व्यवस्था

१६. स्वास्थ्यकर्मीको व्यवस्थापनःनगरपालिका क्षेत्रभित्रका सामुदायिक स्वास्थ्य संस्थाहरुमार्फत आधारभूत स्वास्थ्य सेवा प्रवाहका लागि ४ प्रकारका स्वास्थ्यकर्मीहरु रहनेछन्ः

(१) स्थायीः नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका वा सिफारिस गरी पठाएका स्वास्थ्यकर्मीहरु

(२) करारः स्थानीय माग र विशिष्टताका आधारमा संघीय, प्रदेश सरकार, नगरपालिका मार्फत करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

(३) अभ्यासकर्ताः स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवम् नगरपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा नगरपालिकाले भर्ना गर्न सक्नेछ ।

(४) स्वास्थ्य अभियानकर्ता र स्वयम्सेविका

१७. अभियानकर्ता/स्वास्थ्य स्वयम्सेविकाको व्यवस्थाः स्वास्थ्य सेवालाई घरघरको पहु‘‘चमा पुऱ्याउन र जनचेतना फैलाउन नगरपालिकाले पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयम्सेविकाहरु नियूक्त गर्न सक्नेछ।

(१) महिला स्वयम्सेविका र पुरुष अभियानकर्ताहरु नियुक्तिका लागि २१ वर्ष पूरा भई ४० वर्ष ननाघेका, शैक्षिक योग्यता कम्तीमा ८ कक्षा उत्तिर्ण वा सो सरह अध्ययन गरेका वा सो भन्दा बढी अध्ययन गरेका सम्वन्धित वडाको विवाहित नागरिक हुनुपर्ने छ।



CamScanner

(२) एउटा वडामा ९ जनासम्म महिला स्वास्थ्य स्वयंसेविकाहरुको र १ जना पुरुष अभियानकर्ताको व्यवस्था गर्न सक्नेछ ।

(३) प्रत्येक स्वयम्सेविका र अभियानकर्ताहरुले आधारभूत स्वास्थ्य सम्वन्धी तोके अनुसारको तालिम प्राप्त गरेको हुनुपर्नेछ । नगरपालिका र स्वास्थ्य संस्थाहरुले आवश्यकता अनुसार तालिम तथा अभिमुखीकरण प्रदान गर्नेछ ।

(४) यसभन्दा पहिलेदेखि नै कार्यरत महिला स्वयम्सेविकाहरु मध्ये उमेर, स्वास्थ्य अवस्था समेतको आधारमा आफूलाई सेवावाट अलग हुन निवेदन गरेमा सेवा अवधिका अधारमा नगरपालिकाको क्षमता अनुसार प्रोत्साहन भत्ता सहित सम्मानजनक विदाई गरिनेछ । तर यस किसिमको सुविधा लाभको पदमा रहेकाहरुको हकमा लागू हुने छैन । साथै नयँ" नियुक्ति गर्दा कम्तीमा ८ कक्षा उत्तिर्ण वा सो सरह उत्तीर्ण सो भन्दा वढी अध्ययन गर्नेलाई मात्र नियुक्ति दिइनेछ ।

१८. स्वास्थ्यकर्मीको सेवा सुविधा: (१) स्थायी स्वास्थ्यकर्मी: नेपाल सररकारले तोकेको स्केल बमोजिम तलव र भत्ता कार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा ।

(२) करार स्वास्थ्यकर्मी: प्रचलित तलब स्केल र दुई पक्षवीचको समझदारीमा भएको करार सम्झौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछतर नेपाल सरकारले तोकेको तलब भन्दा बढी दिईने छैन ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मी : निर्वाह भत्ताको रुपमा सम्वन्धित तहका स्वास्थ्यकर्मीले पाउने मासिक तलव स्केलको एक तिहाई रकम सम्म उपलब्ध गराउन सकिनेछ ।

(४) अभियानकर्ता/स्वयम्सेविका : पोसाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक र अन्य प्रोत्साहन भत्ता स्वास्थ्य सेवासम्वन्धी अभियानमा खटाइएको समयमा दिइने पारिश्रमिक, दशैं खर्च जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

१९. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियुक्ति: सामुदायिक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी संघिय सरकालले निर्धारण गरे बमोजिम हुनेछ ।

(१) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारवाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहनेछन् । रिक्त दरवन्दी रहेको हकमा नगरपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्नेछ ।

(२) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नुपर्ने भएमा करार नियुक्ति सम्वन्धी व्यवस्था देहाय वमोजिमको छनौट समितिबाट हुनेछ :

(क) परोहा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) नगरकार्यपालिकाले तोकेको कम्तीमा स्नातक उत्तीर्ण/अधिकृत स्तरको १ जना विज्ञ- सदस्य

(ग) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य सचिव

(३) छनोट समितिले आ^नो कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

२०. कर्मचारी सरुवा :

(१) नगरपालिका क्षेत्रभित्र स्थायी स्वास्थ्यकर्मीको हकमा निजले विशेष परिस्थिति बाहेक न्यूनतम एउटै स्वास्थ्य संस्थामा २ वर्ष कार्य गरेपछि मात्र सरुवा हुनेछ ।

(२) नगरपालिका क्षेत्रभित्र विशेष अवस्थामा बाहेक न्यूनतम २ वर्ष एउटै स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीले अर्को स्वास्थ्य संस्थामा सरुवा हुन चाहेमा नगरपालिकामा सरुवाका लागि निवेदन दिन सक्नेछन् । यसरी प्राप्त निवेदनका आधारमा पालिकाको स्वास्थ्य तथा सरसफाइ शाखाले आ<sup></sup>फ्नो क्षेत्रभित्रका कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

(३) विशेष अवस्था भन्नाले निज सो संस्थामा रहन नसक्ने, विषयगत दरबन्दी आवश्यक नरहेको, स्वास्थ्य समस्या, पतिपत्नी स‘‘गै रही सेवा गर्न पाउने अवस्था वा अन्य चित्तबुझ्दो कारण समेत बुझिनेछ ।

(४) स्थायी बाहेकका स्वास्थ्यकर्मीको हकमा कार्यपालिकाले आवश्यक ठानेको अवस्थामा कुनै पनि स्वास्थ्य संस्थामा सरुवा गर्न सक्नेछ ।

२१. कार्य सम्पादन करार सम्झौता गर्नुपर्नेः स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौताको प्रकृया अवलम्बन गर्नु पर्नेछ ।

(१) नगरकार्यपालिकाको प्रशासनिक शाखाको कर्मचारीको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य शाखा हेर्ने अधिकृतस‘‘ग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुस‘‘ग र अन्ये कर्मचारीहरुस‘‘ग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुनेछ । सम्झौताअनुसार काम भए नभएको मूल्याङ्कन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा कार्यपालिका समक्ष पेस गर्नु पर्नेछ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य स्वास्थ्य सेवा व्यस्थापन तथा अनुगमन समितिले तयार पारी नगरकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

२२. कार्य सम्पादन मूल्याङ्कन र सजाय तथा पुरस्कार

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्न गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्न कर्मचारीलाई दण्डित गर्नसकनेछ ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याङ्न, पुरस्कार र सजाय कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेदः ५

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

२३. वार्षिक खरिद योजना बनाउनु पर्नेः

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य शाखाको सहयोगमा खरिद एकाइले तयार गर्नेछ ।



CamScanner

२४. औषधी तथा स्वास्थ्य उपकरण खरिद-

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि नगरपालिका स्वास्थ्य शाखाले प्रक्रिया अघि बढाउने छ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नु पर्नेछ ।

२५. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था नगरपालिका स्वास्थ्य शाखाले मिलाउनेछ ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रुपमा गर्नुपर्ने छ । खरिदको परिमाण निर्धारण सम्वन्धित वडा समितिले माग गरे वमोजिम गर्नु पर्नेछ ।

(३) नगरपालिकाले खरिद गरेको उपकरण र औषधीको कूल परिमाण र मूल्य खरिद मितिको १ हप्ताभित्र सार्वजनिक गर्नुपर्ने छ ।

(४) सम्वन्धित सामुदायकि स्वास्थ्य संस्थाले नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्वन्धित वडा समितिमार्फत नगरपालिकास्वस्थ्यशाखामा बुझाउनु पर्नेछ ।

परिच्छेद : ६

स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

२६. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने

(१) नगरपालिकाले स्थानीय स्तरमा सञ्चालित चिकित्साकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ । स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरी सो अनुरुप कार्य गराउन निर्देशन दिने छ ।

२७. सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

(१) नगरपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य सञ्चालन गर्न आवश्यक सहजीकरण, जनचेतनाका कार्यक्रम व्यवस्थापन गर्नेछ ।

(२) आवश्यकतानुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निमाण गर्नु पर्नेछ । वीमा तथा कार्यक्रमलाई प्रभावकारी रुपमा अभियानहरु सञ्चालन तथा व्यवस्थापन गर्नुपर्नेछ ।



CamScanner

२८. सरसफाइ र स्वच्छताका लागि अनुगमन तथा नियमन

(१) स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवम् वायु तथा ध्वनि प्रदुषण नियन्त्रण गर्न स्वास्थ्य अनुगमन समितिले आवश्यक व्यवस्था मिलाउने छ ।

(२) प्रदुषण बढाउने उद्योग, संस्थान वा व्यक्तिलाई सोसम्बन्धी सचेत गराउन र सोबाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्नेछ ।

(३) सिफारिस बमोजिम नगर कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ।

परिच्छेद : ७

महामारी रोगको रोकथाम, फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

२९. रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सोको जानकारी २४ घण्टाभित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ ।

(२) कसैलाई नसर्ने रोग लागेमा सोको जानकारी ५ दिनभित्र नजिकको सामुदायिक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयम्सेविकालाई टिपोट गराउनु पर्नेछ ।

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले मासिक रुपमा वडा समिति र नगरपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ ।

३०. महामारी रोगको रोकथाम तथा नियन्त्रण गर्न अभियान सञ्चालन गर्नुपर्ने

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा नगरपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु बन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ ।

२) यस्तो परिस्थितिमा महामारीबाट थप क्षति हुन नदिन आवश्यक सतर्कता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र सङ्घीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

३१. सुर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको सम्वन्धमा

(१) सुर्तीजन्यतथा मदिराजन्य पदार्थ बिक्रीवितरणका लागि नगरपालिकाबाट अनुमति प्रदान गरिने छैन ।

३२. सरसफाइ सम्बन्धी कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन

(१) नगरपालिका स्वास्थ्य शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाइका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिनाभित्र कार्यपालिका बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।



CamScanner

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयंसेविकाहरु परिचालन गरी सबै घरपरिवारसम्म वितरण गर्नेछन् ।

(३) घर निर्माण गर्दा शौचालयको फोहोर व्यवस्थापन गर्ने विधि र घरेलु फोहोर विसर्जन गर्ने स्थानको अनिवार्य व्यवस्था भएको हुनु पर्नेछ ।

(४) एक परिवारको शौचालय, ढल र फोहोरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सोको क्षतिपूर्ति हानी पुऱ्याउने परिवारले तिर्नु पर्नेछ ।

(५) घर तथा बजारबाट निश्काशित फोहरमैला पुनप्रयोग गरी कम्पोष्ट मल बनाइएको अवस्थामा नगर कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्नेछ ।

## परिच्छेद : ८ विविध

३३. प्राइभेट मेडिकल कलेज, अध्ययन संस्थान, ठूला अस्पताल सञ्चालनका लागि सिफारिस

(१) केन्द्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल वा निदान केन्द्र स्थापनाका लागि सम्वन्धित वडा र नगरपालिकाबाट सिफरिस लिनु पर्नेछ ।

(२) उपदाफा (१) बमोजिमको सिफारिस लिदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीयस्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनीकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनु पर्नेछ ।

(३) सिफारिसका लागि नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिमको राजस्व दस्तुर बुझाउनु पर्नेछ ।

३४. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्नेः स्वास्थ्य सेवा सम्वन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पूरा गर्न सङ्घीय तथा प्रदेश सरकारले सञ्चालन गरेको अभियानलाई नगरपालिकाको स्वास्थ्य शाखाले समन्वय गर्नेछ ।

३५. आमा समूह, गर्भवती आमा समुह, धामीझा“क्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य शाखाले अनुगमन र नियमन गर्नेछ ।

३६. नगरपालिका क्षेत्रभित्र कार्यरत स्वास्थ्य र सरसफाइ सम्वन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण मासिक, चौमासिक, अर्धवार्षिक, वार्षिक रुपमा नगरपालिका समक्ष बुझाउनु पर्नेछ ।

३७. नगरपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाइ सेवा प्रदान गर्नका लागि अन्य सरकारी निजी निकाय, व्यवसायी, सामाजिक सङ्घ/संस्था, ट्रष्ट र व्यक्तिहरुस“ग विभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्नेछ र तिनीहरुवाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।

३८. पुनरावेदनः तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानुन वमोजिम पुनरावेदन लाग्नेछ ।

३९. नियम बनाउने अधिकारः

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।



CamScanner

(२) यस ऐनको कार्यान्वयनका लागि नगर कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

४०. सङ्क्रमणकालीन व्यवस्था : यस ऐनले तोकिएबमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउदासम्मनगरकार्यपालिकाले गर्न सक्नेछ ।

४१. बाधा अड्काउ फुकाउने अधिकार: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न बाधा अड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ । तर यस्तो आदेश नगर सभाले ६ महिनाभित्रमा अनुमोदन नगरेमा स्वत: निस्क्रिय हुनेछ ।

४२. बचाउ र लागू नहुने:

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) संबिधान तथा संघिय ऐनसंघ बाझिएका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वत: निस्क्रिय हुनेछ ।

प्रमाणीकरण गर्ने :-शेख वकिल(नगर प्रमुख)
परोहा नगरपालिका,लौकाहा,रौतहट
मिति :२०७७। ०५ । २१
पृष्ठ संख्या-१४